गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

**मिति २०८१।०६।२० गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को तेस्रो नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** गैंडाकोट नगरपालिकाको नगर खेलकुद विकास समिति,ऐनको दफा ३ बमोजिम निम्नानुसार गठन गर्ने निर्णय गरियो।

क) नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य वडा नं. ९ का वडा अध्यक्ष श्री धामनाथ सापकोटा – अध्यक्ष

ख) नगर कार्यपालिकाले मनोनित गरेको खेलकुदसंग सम्बन्धित व्यक्ति श्री लक्षमण कार्की – उपाध्यक्ष

ग) नगर कार्यपालिकाले मनोनित गरेको नगर सभा सदस्य श्री ऋषिराम गौतम - सदस्य

घ) विगतमा नगरस्तर तथा जिल्लास्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई तीन वर्ष काम गरेको व्यक्ति मध्ये दुई जना महिला सहित नगर कार्यपालिकाले मनोनित गरेको अलग अलग खेलकुद प्रतिनिधित्व हुने गरी ७ जना

१. श्री राज कुमार कुमाल, गैडाकोट ६ - सदस्य
२. श्री दुर्गा घीमिरे, गैडाकोट ५ - सदस्य
३. श्री कोपिला मगर, गैंडाकोट ६ - सदस्य
४. श्री गजेन्द्र वन सन्यासी,गैंडाकोट ५ - सदस्य
५. श्री विवेक न्यौपाने, गैडाकोट १६ - सदस्य
६. श्री नर बहादुर थापा, गैंडाकोट ८ - सदस्य
७. श्री प्रकाश पौडेल, गैंडाकोट ४ - सदस्य

ङ) नगर युवा क्लबको अध्यक्ष वा प्रतिनिधि श्री रोशन दर्लामी गैंडाकोट-४ – सदस्य

च) फरक क्षमता भएका खेलाडी मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना श्री मनिलाल महतो गैंडाकोट,१२ – सदस्य

छ) नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाको अधिकृत श्री राम प्रसाद अधिकारी –सदस्य सचिव

**निर्णय नं. २** आ.व. २०८०/०८१ को चौथो त्रैमासिकमा लक्ष्मी सुनार, शोभा देवी धिताल, विर बहादुर सुवार्क, कृष्ण कुमारी पाठक र सङ कुमारी घिमिरे गरी पाँच जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको विविध कारणले जम्मा रु.२५,८५२ छुट हुन गएकोले अघिल्लो आ.व. २०८०/०८१ को उक्त सामाजिक सुरक्षा भत्ता वापतको रकम भुक्तानीको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** नगर प्रहरीहरुलाई हाल दैनिक दिन र रातमा समेत कार्यालय एवं नगर अस्पतालको कामकाजमा खट्टाउने गरिएको हुँदा निजहरुलाई राशन सुविधा वापत आ.व.२०८१/०८२ को लागि मासिक जवान रु.२०००/- हल्दार रु.२२००/- र अ.स.ई. रु. २४००/- का दरले उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.४** आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना अन्तर्गत वातावरण तथा विपद् व्यवस्थापन समिति मार्फत विनियोजन भएको सि.नं. २७५ को नेवार समाज शौचालय निर्माण गैंडाकोट-२ को शिर्षकमा विनियोजन रु.२ लाखलाई वडा नं. २ को वडा समितिबाट उक्त योजनाको शिर्षक परिवर्तन गर्न सिफारिस भई आए अनुसार उक्त शिर्षकलाई **"गैंडाकोट नेवार समाज टहरा निर्माण"** योजनाको नाममा शिर्षाकान्तर गर्ने निर्णय गरियो।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं.५** गैंडाकोट नगरपालिका अन्तर्गतका विभिन्न वडा समितिबाट सिफारिस भई आएका एवं नगर भित्रका विभिन्न संघ संस्थाहरुबाट बजेट माग भई आएको सन्दर्भमा आवश्यकता र औचित्यका आधारमा देहाय बमोजिम योजना तथा कार्यक्रमहरुमा आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षकमा विनियोजन भएको रकमबाट खर्च लेख्ने गरी बजेट बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रमहरुको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | स्ल्याव निर्माण (बेल्डिया हर्कपुर भेडावारी जाने बाटो) गैंडाकोट-१४ | रु. ६ लाख | |
| २ | भगवान वराह दिव्यधाम श्वेत वराह मन्दिर गैंडाकोट-१ | रु. २ लाख | |
| ३ | चौतारो निर्माण एवं मर्मत सम्भार गैंडाकोट-८ | रु.४ लाख | |
| ४ | हरि ॐ सत्संग साधना सदन गैंडाकोट- ९ | रु. ५ लाख | |
| ५ | निम्बार्क दर्शन केन्द्र गैंडाकोट-१ | रु. ५ लाख | |
| ६ | अक्सफोर्ड कलेज मार्ग बाटो ढलान गैंडाकोट-१ | रु. ५ लाख | |
| ७ | वडा नं. १ को वडा कार्यालय भवन निर्माण | रु. १० लाख | |
| ८ | वडा नं. १५ को वडा कार्यालय भवन निर्माण | रु. १० लाख | |
| ९ | ISKCON गैंडाकोट -१ | रु. २ लाख | |
| १० | नारायणी नवदुर्गा भवानी सेवा समिति गैंडाकोट -२ | रु. २ लाख | |
| ११ | लायन्स क्लव अफ बागेश्वरी डायनामिक गैंडाकोट | रु. ३ लाख | |
| १२ | अमरज्योति मा.वि. गैंडाकोट- १७ | रु. ५ लाख | |
| १३ | लक्ष्मी मा.वि. गैंडाकोट-१५ | रु. ५ लाख | |
| १४ | कुमारवर्ती आ.वि. गैंडाकोट-११ | रु. ३ लाख | |
| १५ | बेल्डिहा फाँट हुँदै टाउन खोला पुग्ने कुलो सहित वाल निर्माण गैंडाकोट-१४ | रु. ५ लाख | |

**निर्णय नं.६** गैंडाकोट नगर क्षेत्र भित्रका जनताको स्वास्थ्यलाई मध्येनजर गरी यस नगर क्षेत्र भित्र बेचनविखन भैरहेका बरफ, आईसक्रिम, आईसगोला जस्ता खाद्यवस्तुको कम्पनी तथा पसल नगरपालिकाका सम्बन्धित वडा कार्यालय र अन्य सम्वन्धित निकायमा दर्ता भए/नभएको र खाद्य प्रविधिको मापदण्ड अनुसार सञ्चालन अनुमति पत्र भए /नभएको विषयका सन्दर्भमा अनुगमन गर्न र नियम संगत वनाउन सम्बन्धित सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७** गैंडाकोट नगरपालिका भित्र सञ्चालनमा रहेका हाट बजारहरुलाई आवश्यक व्यवस्थापन गर्नको लागि कार्यविधि निर्माणका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८** गैंडाकोट नगरपालिका कार्यालयका लागि सडक बोर्ड नेपालबाट आ.व.२०८१/०८२ मा स्थानीय सडक मर्मत संभार शिर्षकमा प्राप्त भएको रु.५५ लाखलाई नगरपालिकाको सडक मर्मत सम्भार कार्यक्रमको शिर्षकमा नियमानुसार नगरपालिकाको लागत सहभागीता रहने एवं नगरप्रमुख स्तरीय निर्णय बमोजिम योजनाहरु छनौट गरी कार्य प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

शिवेन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

सदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत बजेट बमोजिमका देहाय अनुसारका कार्यहरुको प्रस्तुतीकरण अनुमोदन गर्ने निर्णय गरियो।

१. गैंडाकोट नगरपालिकाका वडा कार्यालयहरु क्रमशः १३,१४, १६,१७ र १८ को नयाँ भवन निर्माणको लागि तयार भएको DPR प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री नमस्ते कपिलवस्तु सोलुशन प्रा.लि. तिलोत्तमा , रुपन्देहीका तर्फबाट ई. रोचक अधिकारी लगायतको टिमले गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने।

२. गैंडाकोट नगरपालिका वडा नं.(३,४,७,८ र ९) रहेको जयश्रीखोला तटवन्धन, झरही खोला तटवन्धन निर्माण वडा नं. १५ १६ र १७ र बेल्डिया खोला तटवन्धन वडा नं. १३,१४ र १६ निर्माणको लागि तयार भएको DPR प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री दुर्दर्शी ईन्जिनिरिङग कन्सल्टेन्सि प्रा.लि.सिद्वार्थनगर, रुपन्देहीका तर्फबाट गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने र उक्त तटबन्धन कार्यको लागि IEE समेत गर्न प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने।

३. गैंडाकोट वडा नं. १८ दमार खानेपानी एवं सिंचाई योजनाको DPR को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था दियालो ईन्जिनियरिङग कन्सल्टेन्सी प्रा.लि. शंखमुल काठमाण्डौंका तर्फबाट गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने।

**निर्णय नं. १०** नेपाल सरकारको "एक वडा एक स्वास्थ्य संस्था" को नीति बमोजिम मिति २०८१/०६/०८ को वडा नं. १५ को वडा समिति बैठकको निर्णय एवं च. नं. ३३९ मिति २०८१/०६/१० को पत्रानुसार आधारभूत स्वास्थ्य केन्द्र निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखि पठाउने निर्णय गरियो।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख